# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः १** **मितिः असार २० गते, २०७९**


## भाग–१
## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## चन्द्रागिरि नगरपालिकाको आ.व. २०७९/२०८० को विषयगत क्षेत्र र उपक्षेत्रगत नीति तथा कार्यक्रम

**नगरसभाका सदस्यज्यूहरू,**

नेपालको संविधानले व्यवस्था गरेको संघीय संरचना अनुरुप स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई हामीले कार्य प्रारम्भ गरिसकेका छौं र आज नवौं नगरसभाको सत्रमा उपस्थित भएका छौं । “ऐतिहासिक सांस्कृतिक नगरी, समृद्ध पर्यटकीय चन्द्रागिरि” नारालाई साकार पार्ने गरी नगरवासीको आकाक्षा अनुरुप विकास निर्माणलाई अगाडि वढाउने अभिभारा नव निर्वाचित जनप्रतिनिधिहरुको

काँधमा छ । निर्वाचनका माध्यमबाट नागरिकले प्रदान गरेको जिम्मेवारीलाई साकार पार्नमा नगरपालिकाले अँगाल्ने नीति तथा कार्यक्रमको अहम् भूमिका रहन्छ । हामीले आगामी आ.व. २०७९/२०८० का लागि तर्जुमा गरेको नीति तथा कार्यक्रमलाई यस गरिमामय नवौं नगरसभाको आजको सत्रमा प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित छु ।

यस अवसरमा नेपालमा प्रजातन्त्र प्राप्तिदेखि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ चलेका सम्पूर्ण ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो ज्यानको वलिदान गर्ने सहिदहरु प्रति हार्दिक श्रद्धान्जली र सम्मान व्यक्त गर्दछु । साथै ती आन्दोलनहरुमा रगत पसिना बगाउने योद्धाहरुको उच्च सम्मान गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरू,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को मर्म र भावना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट २०७९/०८०, चालु योजना, दिगो विकासका लक्ष्य, कार्यपालिकाका सदस्यज्यूहरूको सुझाव, विभिन्न राजनैतिक दल, संघ/संस्था, कर्मचारी तथा यस चन्द्रागिरि नगरवासी दाजुभाई, दिदीबहिनीबाट प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकता संकलन गरी साधन तथा स्रोतलाई ध्यानमा राख्दै प्राथमिकताका आधारमा चन्द्रागिरि नगरपालिकाको आ.ब.२०७९/२०८० को नीति तथा कार्यक्रम पेश गर्दैछु । अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तहका लागि पनि मध्यमकालीन खर्च संरचनामा आधारित वजेट तर्जुमालाई अनिवार्य गरेको परिप्रेक्ष्यमा राष्ट्रिय योजना आयोगको दिग्दर्शन समेतका आधारमा ५ वटा विषयगत क्षेत्र र २४ उपक्षेत्रमा आधारित रही हाम्रो नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।

अब म चन्द्रागिरि नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक क्षेत्र

### क. कृषि

१. आ.व. २०७८/०७९ को बजेटबाट चालु परियोजनाहरूलाई निरन्तरता दिने नीति लिईनेछ ।

२. हावाहुरीले क्षति भएका टनेल खेती गरिरहेका साना कृषकहरूको लागि टनेलमा प्रयोग हुने प्लाष्टिक वितरण गरिनेछ ।

३. हिउँदे र बर्षे तरकारी बालीको बीउ साथै प्राङ्गारिक मल, प्राङ्गारिक बिषादी र भिटामिनहरू वितरण गरिनेछ । रासायनिक मल सहज आपूर्तिको लागि सहजीकरण गरिनेछ ।

४. कृषिमा प्रयोग हुने कृषि चुन र लहरे बालीमा प्रयोग हुने फुरोमुन ट्र्याप (Furomin Trap) वितरण गरिनेछ ।

५. मौरीको घार कार्यक्रम जैविक विविधता संरक्षण कार्यक्रम भएकोले अनुदानमा आधारित गोला सहितको मौरीको घार वितरण गरिनेछ ।

६. परम्परागत कृषिलाई प्रविधिमैत्री खेती प्रणालीमा लैजान प्रविधिमा आधारित कृषि औजार, उपकरण एवं मेशिनरी खरिदमा अनुदान दिईनेछ ।

७. कृषकलाई अनुदानमा धानको बिऊ र च्याउको बीउ वितरण गरिनेछ ।

८. च्याउ खेती गर्ने कृषकको सुविधाको लागि कृषक संस्थाको लागत सहभागितामा वल्व वनाउने मेशीन खरिदमा अनुदान दिईनेछ ।

९. स्थानीय कृषि उत्पादनलाई प्रवर्द्धन गर्न कृषि वजार एवं प्रदर्शनीस्थलको स्थापना तथा कृषि प्रवर्द्धनात्मक प्रदर्शनी कार्यक्रमहरुको आयोजना गरिनेछ ।

### ख. पशुपंक्षी

१. साना किसानहरूलाई मध्यनजर गर्दै अनुदानमा दुहुना गाई वितरण गरी स्वरोजगार र आयआर्जनमा आधारित कार्यक्रम गरिनेछ । पशु प्रवर्द्धन कार्यक्रमको लागि स्थानीयस्तरमा माउ/वीउ पशु उत्पादन गर्ने किसान लक्षित विशेष अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२.	अत्यन्त निम्न वर्गका व्यक्तिहरूलाई मध्यनजर गरी गाई, बोका र कुखुराको चल्ला वितरण गरिनेछ ।

३.	साना किसानहरूको लागि हिउँदे घाँसको बीउ वितरण गरिनेछ । काउ म्याट, घास काट्ने मेशिन लगायत प्रविधिजन्य उपकरण तथा सामाग्रीहरुमा कार्यविधि बमोजिम अनुदान दिईनेछ ।

४.	पशुको कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ ।

५.	पशुपन्छी बीमामा प्रिमियमको ५० प्रतिशत रकम अनुदान दिईनेछ ।

६.	उत्पादनमूलक कृषक लक्षित गरी पशुको लागि औषधीहरू र भ्याक्सिन दिने कार्यलाई निरन्तरता दिईनेछ ।

७.	पशुपन्छी रोग पहिचानको लागि सर्भिलेन्स कार्यक्रम संचालन गरिनेछ ।

८.	पशुपन्छी फार्म, माछामासु पसल, एग्रोभेट र दाना उद्योग तथा डिलरको अनुगमन गरिनेछ ।

९.	दुग्ध उत्पादन सहकारीको लागि लागत साझेदारीमा पूँजीगत कार्यक्रम संचालनमा सहयोग गरिनेछ ।

१०.	पशुपालक कृषकहरुको लागि उत्पादकत्व वृद्धि सम्वन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।

११.	कृषि, स्वास्थ्य र पशु शाखाको समन्वयमा विषादी र एन्टीबायोटिक रेसिष्ट सम्वन्धी सचेतनाका लागि One Health कार्यक्रम संचालन गरिनेछ ।

१२.	छाडा बस्तु (सामुदायिक) व्यवस्थापनका लागि PPP मोडेलमा प्रविधिको प्रयोग सहित आवश्यक प्रवन्ध गरिनेछ ।

१३.	मृत पशु र सिनो व्यवस्थापनको लागि बायोपिट एवं एनिमल क्रिमेटोरी निर्माण गरी व्यवस्थापन गरिनेछ ।

१४.	शहरी पशुपालन कार्यक्रम अन्तर्गत घरघरमा पशुपन्छी पालन कार्यक्रम संचालन गरिनेछ ।

**ग. सिंचाई**

१. परम्परागत कुलो र राजकुलोहरुको संरक्षण गरिनेछ ।

**३. उद्योग, व्यापार तथा व्यवसाय**

१. नगर क्षेत्र भित्रका सफल र राम्रा उद्योग व्यवसायीहरूको पहिचान गरी उद्योग व्यवसायको तथ्यांक अद्यावधिक गरी प्रोत्साहन तथा सम्मान गरिनेछ ।

२. विभिन्न कारणले रुग्ण अवस्थामा पुगेका उद्योग व्यवसायहरूलाई उत्थान गर्ने प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

३. घरेलु उद्योगहरू नगरपालिकास्तरबाट दर्ता/नियमनका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

४. पर्यटकहरूले नगरपालिका आउँदा चिनोको रुपमा खरिद गर्ने सामानहरू उत्पादन गर्ने पेसा व्यवसाय उद्योगीहरूको पहिचान गरी तालिम र अन्य प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

५. सम्बन्धित क्षेत्रका बिशेषज्ञहरू समेतको सहभागितामा आवश्यकता अनुसार बजार अनुगमन गरिनेछ ।

६. उपभोक्ताहरूलाई सचेत र जागरुक बनाउनको लागि उद्योगी व्यवसायीहरू समेत सम्मिलित गरी गोष्ठी/तालिम संचालन गरिनेछ ।

७. उत्पादन तथा व्यापार व्यवसाय प्रवर्द्धनका लागि लगानी सम्मेलन गरिनेछ । नगरपालिकाको तर्फबाट सहजीकरण र लगानीमैत्री नीति अवलम्वन गरिनेछ ।

८. औद्योगिक ग्राम/क्षेत्र स्थापना तथा संचालन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

**ङ. पर्यटन तथा संस्कृति**

१. नगरका हरेक वडामा आवश्यकता अनुसार वडाको वस्तुस्थिति झल्किने स्थान सूचक बोर्ड (लोकेसन म्याप) राखिनेछ ।

२. नगरपालिकामा रहेका विभिन्न मन्दिर, पार्क, ट्रेकिङ्ग रुट आदिको प्रचार प्रसार गरी स्थानीय पर्यटनको प्रवर्द्धन, रोजगारी र आयआर्जनमूलक विशेष कार्यक्रम संञ्चालन गरिनेछ ।

३. नगरपालिका क्षेत्रभित्रका धार्मिक, सांस्कृतिक, दृश्यावलोकनका केन्द्रहरू लगायत महत्वपूर्ण स्थलहरूलाई समेटेर चन्द्रागिरि पर्यटकीय सर्किट घोषणा गरी प्रवर्द्धन गरिनेछ ।

४. भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक धरोहरहरूको पुनःनिर्माण तथा मर्मतका लागि सम्बद्ध निकायमा समन्वय गरी सहकार्य गरिनेछ ।

५. नगरस्तरीय पर्वजात्रा सञ्चालन समिति मार्फत वडाहरूमा ऐतिहासिक रुपमा नियमित स्थानीय निकायको सहयोगमा सञ्चालन भइरहेका परम्परागत तथा लोपोन्मुख जात्रापर्व सूचीकृत गरी जात्रापर्व संचालनको लागि उपलब्ध गराउँदै आएको पर्व सञ्चालन खर्चलाई निरन्तरता दिइनेछ ।

६. मठ, मन्दिर, गुम्बा, पाटीपौवा, भजन मण्डल, गुठी आदिको जग्गा अभिलेखीकरण गरी ऐतिहासिक तथा सांस्कृतिक प्रोफाईल तयार गरी प्रचारप्रसार गरिनेछ ।

७. नगरपालिका क्षेत्रभित्र रहेका पौराणिक महत्व बोकेका विभिन्न मठ मन्दिरहरूमा नित्यपूजा सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

८. विभिन्न विकास निर्माणको काम गर्दा ऐतिहासिक तथा सांस्कृतिक स्थान वा सो नजिक पर्न गएमा आवश्यक परामर्शद्वारा निर्माण कार्य गरिनेछ । सो कार्यका लागि परामर्शदाता (ईतिहास विद्/संस्कृतिविद्) राख्ने नीति लिइनेछ ।

९. इतिहास तथा सांस्कृतिक वैभव झल्काउन प्रचारात्मक कार्यक्रम अन्तर्गत नगर सम्पदा कार्यक्रम तय गरी (प्राचीन शिलालेख, मूर्ति, मुद्रा, हस्तीमार्ग, पोखरी, इनार, कुवा, हिटी, ठ्यासफु लगायत मूर्त अमूर्त सम्पदा) विविध सम्मेलन कार्यक्रम आयोजना गरिनेछ । ती सम्पदाहरूको संरक्षणमा विशेष ध्यान दिईनेछ ।

१०. सम्पदा क्षेत्र कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन कार्यविधि तयार गरी निर्माणमा प्याकेजमा सहयोग गरिनेछ ।

११. नगरस्तरीय सांस्कृतिक संग्रहालयको स्थापना गरिनेछ ।

१२. मठ मन्दिर तथा ऐतिहासिक महत्व बोकेका धरोहरहरू सूचीकृत गरी संरक्षण तथा प्रवर्द्धनको लागि गुरुयोजना तयार पारिनेछ। किसिपिडी र बलम्बु क्षेत्र संरक्षणको लागि तयार भैसकेको गुरुयोजना कार्यान्वयन गरिनेछ।

१३. नगरपालिकाका सम्भाव्य क्षेत्रमा PPP (सार्वजनिक-निजी साझेदारी) मोडलमा पर्यटकीय पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ।

१४. ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय कार्य गर्न विभिन्न वैदेशिक राष्ट्रहरूका नगरसँग भगिनी सम्बन्ध स्थापना गरिनेछ।

१५. इतिहास, संस्कृति, पर्यटनलगायत सम्पदाको प्रचारप्रशार गर्न कम्पनीको उद्देश्यमै इतिहास, संस्कृति लगायतको खोजमूलक कार्य गर्ने जनिएको मिडियासँग मिडिया पाट्नरको रुपमा कार्य गरिनेछ।

१६. चन्द्रागिरि नगरपालिकाको समग्र ईतिहास, सांस्कृतिक सम्पदा (मूर्त-अमूर्त सम्पदा) झल्काउने नगरस्तरीय एक म्युजियम स्थापनाको लागि अध्ययन गरिनेछ।

१७. पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक गढीहरुलाई जोड्दै चन्द्रागिरि सर्किट एकीकरण पदमार्ग निर्माण गरी One Day Hiking-One Day Stay लाई प्रवर्द्धन गरिनेछ। साथै साईकल ट्रेल रुट निर्माण गरिनेछ।

१८. स्थानीय परम्परागत वस्तीहरुमा पर्यटन प्रवर्द्धनका लागि होमस्टे (गृह पाहुना) कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

१९. चन्द्रागिरि नगरपालिकाको गौरवको रुपमा रहेको त्रिभुवन पार्कलाई नगरपालिकाको मातहत ल्याई व्यवस्थापन र संचालन गरिनेछ।

## च. भूमि व्यवस्था सहकारी तथा वित्तीय सेवा

१. नगरपालिकाभित्र रहेका विभिन्न प्रकृतिका सहकारीहरूलाई सुशासन कायम गर्न र प्रविधिमैत्री बनाउनको लागि गोष्ठी/तालिम कार्यक्रम संचालन गरिनेछ ।

२. नगरपालिकाको आवश्यकता अनुरुप सहकारी दर्ता/संचालन मूल्याङ्कनको लागि सहकारी नियमावली र मापदण्डहरू तयार गरी लागु गरिनेछ ।

३. नगरपालिकाको आवश्यकता अनुसार उत्पादन र स्वरोजगारको कार्यक्रममा सहकारीहरूलाई संलग्न गराईनेछ ।

४. सहकारीहरूको नियमित रुपमा प्रगति विवरण, लेखापरीक्षण र साधारणसभा समयमा गर्नको लागि अभिप्रेरित गरिनेछ । नियमित कार्यक्रम गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्डको नीति लिई सर्वसाधारणको बचतलाई सुरक्षित हुने वातावरण तयार गरिनेछ ।

५. उत्पादन, रोजगार तथा व्यवसाय प्रवर्द्धन गर्न सम्बन्धित वित्तीय संस्थाहरूसँगको समन्वयमा नगरपालिकावाट विशेष व्याज अनुदानको व्यवस्था गरिनेछ ।

६. महिला सहकारीहरूको संख्यात्मक र गुणात्मक वृद्धि गरी निम्न आय भएका, दलित, आदिवासी, जनजाति, उपेक्षित महिला, एकल महिलाहरूको सहकारीमा प्रतिनिधित्व हुने अवसर प्रदान गरिनुको साथै त्यस्ता सहकारीहरूलाई विशेष कार्यक्रम दिइनेछ ।

## ५. श्रम, रोजगारी तथा गरिवी निवारण

१. स्थानीय बजारमै रोजगारी उपलब्ध हुने प्लम्विङ्ग, ईलेक्ट्रिक, ईलेक्ट्रोनिक्स जस्ता तालिम सञ्चालन गरिनेछ ।

२. आदिवासी जनजातीहरूको परम्परागत सीप तथा पेशालाई आधुनिकीकरण गर्दै नयाँ सीप तथा रोजगारीका निम्ति अभिप्रेरित गरिनेछ ।

३. महादेवस्थान गुमालचोकी स्कुलमा निर्माण भएको चन्द्रागिरि नगरस्तरीय प्राविधिक शिक्षालयमा CTEVT सँग समन्वय गरी व्यवसायिक तथा सीपमूलक तालिम कक्षाहरू सञ्चालन गरिनेछ ।

४. युवालाई उद्यमशील र स्वरोजगार बनाई विदेश पलायन रोक्न र आयातलाई घटाउन परियोजना प्रस्ताव लिई सहुलियत कर्जा प्रदान गरिनेछ । साथै सोका लागि प्रमाण पत्र (शैक्षिक/अन्य) राखेर ऋण दिन स्वरोजगार कोष स्थापना गरिनेछ । यसलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

५. एक महिला एक सीपको अवधारणा अनुरुप सिकेको सीपमा नै दक्ष बनाउँदै लगिनेछ ।

६. विपन्न तथा लक्षित वर्गलाई नगरपालिका भित्रै रोजगारीको श्रृजना गरिनेछ ।

७. नगरपालिका भित्र रहेका जनशक्तिलाई विदेश पलायनबाट रोक्न रोजगारी/सीपमूलक कुटिर उद्योग, घरेलु उद्योग सञ्चालन गरिनेछ ।

८. रोजगारमूलक तथा सीपमूलक तालिमको व्यवस्थापन गरिनेछ ।

९. आफ्नो सीप तथा पुंजी प्रयोग गरी व्यवसाय गर्न ईच्छुक लक्षित वर्गको लागि उद्यमशीलता तालिम सञ्चालन गरिनेछ ।

१०. तालिम प्राप्त व्यक्ति वा समुहले व्यवसाय सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट स्वीकृत कार्यविधि अनुसार बीउ पूँजी कार्यक्रम मार्फत अनुदान उपलब्ध गराइनेछ । वित्तिय संस्थासँग समन्वय गरी उद्यमीको ऋणमा व्याज अनुदान दिने नीति लिईनेछ ।

११. नगरभित्र रहेका आदिवासी, जनजाति तथा सिमान्तकृत समुदायको पैत्रिक पेशा व्यवसायलाई विशेष अनुदानको व्यवस्था गरी आत्मनिर्भर कार्यक्रम अगाडि बढाइने छ ।

१२. नगरभित्रका उद्योग, संघसंस्था, शैक्षिक क्षेत्र लगायतमा नेपाल सरकारले तोकेबमोजिम न्यूनतम पारिश्रमिक लागु भए नभएको अनुगमन गरिनेछ ।

१३. विश्व आर्थिक मन्दी तिर गईरहेको सन्दर्भमा “घरघरमा उत्पादन” लाई प्रोत्साहन गरिनेछ । उत्पादित वस्तुको बिक्री वितरणको लागि वजारीकरण तथा शहरी हाटबजार व्यवस्थापन गरिनेछ ।

## २. सामाजिक क्षेत्र

### क. स्वास्थ्य तथा पोषण

१. जनस्वास्थ्यलाई अत्यावश्यक आधारभूत स्वास्थ्य सेवाहरु नगरवासीको मौलिक हकको रुपमा स्थापित गर्न नगरस्तरीय स्वास्थ्य नीति निर्माण गरिनेछ ।

२. नगरपालिका क्षेत्रमा रहेका प्राथमिक अस्पताल, सामुदायिक अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवाहरू आम नागरिकको विश्वास र भरोसा योग्य वनाउन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

३. एक स्वास्थ्य संस्था एक डाक्टर राख्ने नीति अवलम्वन गरिनेछ ।

४. उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई स्रोत, साधन र सेवाको मूल्यांकनको आधारमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

५. महिला स्वास्थ्य स्वयंसेविकाहरूको प्रोत्साहनका लागि नगरपालिकाबाट उपलब्ध गराउँदै आएको प्रोत्साहन खर्चलाई समय सापेक्ष प्रोत्साहन भत्ता वृद्धि गर्दै लगिनेछ साथै महिला स्वयं सेविका अवकाश हुँदा एकमुष्ट रकम प्रदान गर्न कोषको व्यवस्था गरिनेछ । स्वास्थ्य स्वयमसेविकाको सेवा प्रवाह सहजीकरणका लागि Health Kit उपलव्ध गराईनेछ ।

६. हाल सञ्चालनमा रहेको नगरस्तरीय प्राथमिक अस्पताल थानकोट तथा निर्माणाधीन सामुदायिक अस्पताललाई नगरपालिका भित्रका अन्य स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरूको referral सेन्टरको रुपमा विकाश गरी ५० शैयाको विशेषज्ञ सेवा सहितको अस्पतालको रुपमा विकास गरिनेछ ।

७. नगरपालिकाभित्र सञ्चालित अन्य निजी तथा गैर सरकारी स्वास्थ्य संस्था एवं सेवा प्रदायकहरूसँग साझेदारीमा नागरिकहरूलाई सहुलियत दरमा स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

८. नेपाल सरकार तथा अन्य निकायको ऐन, नीति, नियम, निर्देशिका र परिपत्र समेतको आधारमा साबिक देखि सञ्चालन हुँदै आएको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

९. सुनौलो हजार दिनका गर्भवती, सुत्केरी आमा र नवजात शिशुहरूको स्वास्थ्य अवस्था सुधार तथा मातृ मृत्युदर नवजात शिशुको मृत्युदरमा कमी ल्याउन गर्भवती महिलालाई फोलिक एसिड, आईरन चक्की, क्याल्सियम, जुकाको औषधी, टि.टी., टि.डि. खोप, समय समयमा गर्भजाँच तथा रगत परीक्षण र सुत्केरी आमालाई भिटामिन ए, आईरन चक्की र क्याल्सियमका साथै आयुर्वेदिक दुग्धवर्धक औषधी उपलब्ध गराईनेछ। नवजात शिशुलाई १५ महिनासम्मको खोप तथा आमाहरुको लागि पोषण शिक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ । मातृ मृत्यु दर र नवजात शिशुको मृत्युदरमा कमी ल्याउनका लागि गर्भवती सुत्केरीसँग नर्स कार्यक्रम तथा सुत्केरी घर भेट (PNC Home visit) कार्यक्रम लागु गरिनेछ । हरेक स्वास्थ्य चौकीमा निःशुल्क खोप सेवा संचालन गरिनेछ ।

१०. प्रत्येक वडामा गर्भवती महिला सहायता कार्यक्रम संचालन गरिनेछ ।

११. स्वास्थ्य क्षेत्रमा गरिएका कार्यको अभिलेख प्रतिवेदन ईलेक्ट्रोनिक विधिमा रुपान्तरण गर्दै स्वास्थ्यकर्मीहरूलाई त्यस अनुरुपको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१२. जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन गर्न जेष्ठ नागरिक घरदैलो कार्यक्रम र दीर्घरोगीहरूलाई प्रेसर र सुगरको औषधी साथै रोग प्रतिरोधात्मक क्षमता बढाउने आयुर्वेदिक औषधीहरू निशुल्क प्रदान गरिनेछ ।

१३. स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा व्यवस्थापन तथा बिस्तार गरिनेछ ।

१४. युवा विद्यार्थी तथा अन्य समूहमा देखिन सक्ने मनोसामाजिक समस्यालाई मध्यनजर गर्दै नगरवासीहरूलाई मनोसामाजिक परामर्श दिई मानसिक रुपमा स्वस्थ्य राख्ने नीति अवलम्वन गरिनेछ ।

१५. अस्पताल तथा स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी तथा ईच्छुक स्वयमसेवीहरुलाई मनोसामाजिक परामर्श दिने क्षमता अभिवृद्धिको व्यवस्था गरिनेछ ।

१६. नेपाल सरकारले तोके बमोजिमको स्वास्थ्य विमा कार्यक्रम साथै नगरबासीहरूलाई निःशुल्क विमा गराउने नीति अवलम्बन गरिनेछ ।

१७. नेपाल सरकारले तोके बमोजिमको कडा रोगको वर्गीकरणमा परेका (मृगौला रोग, क्यान्सर, मुटुरोग, हेड ईन्जुरी, स्पाईनल ईन्जुरी, पार्किन्सन, अल्जाईमर, सिकलसेल एनिमिया) विरामीहरूलाई नगरको तर्फबाट विशेष सुविधाको व्यवस्थापन गरिनेछ । साथै सरकारले दिने सुविधाको सिफारिस दिईनेछ ।

१८. वडा वा नगरको सिफारिशमा निजी अस्पतालसँग समन्वय गरी नगरवासीहरूलाई प्राथमिकताका साथ सहुलियत दरमा स्वास्थ्य सेवा प्रदान गर्नुका साथै गरिब तथा विपन्नलाई निःशुल्क स्वास्थ्य सेवा प्रवाह गर्न पहल गरिनेछ ।

१९. नगरपालिकामा सञ्चालनमा रहेका गैर-सरकारी, संस्थागत तथा निजी एम्बुलेन्सहरूलाई सूचीकृत गरी एकीकृत प्रणाली मार्फत समन्वय गरी सञ्चालन गरिनेछ ।

२०. असहाय, विपन्न, जेष्ठ नागरिक तथा दुर्घटनाका घाईतेहरूलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

२१. स्वास्थ्यमा प्रतिकुल असर पार्ने सुर्ती, सुर्तीजन्य पदार्थ, मदिरा, मदिराजन्य एवं अन्य स्वास्थ्यमा असर पार्ने खाद्य पदार्थको प्रवर्द्धनमा बन्देज लगाई बिक्री वितरणलाई नियमन गरिनेछ ।

२२. कोभिड लगायत अन्य महामारीजन्य रोग नियन्त्रणको लागि आवश्यक स्वास्थ्य सुरक्षा सामाग्री लगायत औषधीको व्यवस्था मिलाईनेछ । आवश्यकता अनुसार हेल्थडेक्स स्थापना तथा संचालनको ब्यवस्था गरिनेछ ।

२३. स्वास्थ्यकर्मीहरूको उच्च मनोबल राखी सेवा प्रवाहमा सहजता ल्याउन जोखिम भत्ताको व्यवस्थापन गरिनेछ ।

२४. विद्यालय नर्स कार्यक्रम थप व्यवस्थित तथा विस्तार गरिनेछ ।

२५. यस नगरपालिकामा रहेको एक मात्र आयुर्वेद औषधालय (मातातीर्थ आयुर्वेद औषधालय) लाई भौतिक पूर्वाधारको विकास गरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको रुपमा विकास गरिनेछ । सो केन्द्रमा योग हल, जडीवुटी उद्यान र Rural Pharmacy को स्थापना गरिनेछ ।

२६. नेपालको एक मात्र प्राचीन तथा मौलिक चिकित्सापद्धति आयुर्वेद, योगध्यान तथा अन्य परम्परागत चिकित्सा पद्धतिको प्रवर्द्धन तथा वैज्ञानिक व्यवस्थापनको लागि हरेक वडामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ ।

२७. स्थानीय सामुदायिक वन, समुहगत, तथा निजीस्तरमा जडिबुटी उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ । जडिबुटी पहिचान, जडीवुटी खेती, संरक्षण तथा प्रशोधन केन्द्र स्थापनाको कार्य सुरु गरिनेछ । यसरी उत्पादन गरिएका जडिबुटीहरूको खरिद तथा बिक्रीको सुनिश्चितता नगरपालिकाले गर्नेछ ।

२८. वडा नं. ८ मातातीर्थमा १५ शैयाको सामुदायिक अस्पताल संचालन गर्ने र वडा नं १२ वलम्वु नहुँदा अस्पताललाई समेत अस्पताल संचालन गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

## ख. शिक्षा, भाषा, कला तथा साहित्य

१. लोककला, लोक साहित्य र इतिहासलाई केन्द्र बिन्दूमा राखी नगरको कार्यक्रम अगाडि बढाइनेछ ।

२. लिपि, भाषा संरक्षण र जर्गेना गर्ने कार्यक्रम तत्काल संचालनमा ल्याइनेछ ।

३. साहित्य, कला र संगीत (साकस) प्रतिष्ठान गठन र भवन निर्माण गरी गतिविधि अगाडि बढाईनेछ ।

४. नगरभित्र साहित्यको उत्थानको लागि साहित्यकारहरूलाई प्रोत्साहन गरिनेछ। यसको लागि नगरस्तरीय साहित्यिक गतिविधि संचालनमा ल्याइनेछ।

५. चन्द्रागिरिका साहित्यकारहरूको अभिलेखीकरण गरी उहाँहरूको योगदानलाई जीवन्त राख्ने गतिविधि अघि बढाइनेछ ।

६. साहित्यिक पत्रपत्रिकालाई प्राथमिकताका साथ संचालनमा ल्याउन साहित्य समूहलाई विशेष प्रोत्साहन दिइनेछ ।

७. "हाम्रो चन्द्रागिरि स्थानीय पाठ्यक्रम" को आधारमा कक्षागत पाठ्यपुस्तक निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ । स्थानीय भाषामा पठनपाठन गर्न भाषागत शिक्षकको प्रवन्ध गरिनेछ ।

८. नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय तथा क्याम्पसको गुणस्तरीय शैक्षिक स्तरमा एकरुपता कायम गर्न सहकार्य गरिनेछ ।

९. सामुदायिक विद्यालयहरूलाई शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिँदै शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिवृद्धि गरिनेछ ।

१०. 'एक घर एक स्नातक' कार्यक्रम अगाडि बढाइनेछ ।

११. सामुदायिक सिकाइ केन्द्र, विशेष शिक्षा र अन्य वैकल्पिक शिक्षण संस्थामार्फत् चन्द्रागिरि नगरपालिकाबाट निरक्षरता उन्मूलन गरी नगरबासीमा उच्च र गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउने नीति लिइनेछ ।

१२. बाल विकास केन्द्रका सहजकर्ता, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक पुग्ने गरी आवश्यक थप रकम प्रदान गरिनेछ ।

१३. गरीब, जेहेन्दार, दलित, जनजाति, महिला, मधेसी, पिछडिएको वर्ग, अपाङ्ग आदिलाई छात्रवृत्ति प्रदान गरी अध्ययनको पहुँच विस्तार गरिनेछ । कठिन अवस्थामा रहेका बालबालिकालाई शिक्षाको लागि विशेष सहयोग प्रदान गरिनेछ ।

१४. वैकल्पिक सिकाइ अवस्थाको सिर्जनाका लागि बालबालिका र विद्यालयमा सूचना र प्रविधिको पहुँच अभिवृद्धि गरिनेछ । पठनपाठनमा प्रविधिको प्रयोग गरिनेछ ।

१५. शिक्षाविद्हरुको समिति बनाई सि.सि.टि.भि.को निगरानीबाट विद्यालयमा शिक्षण सिकाई गुणस्तरको सुधार गरिनेछ ।

१६. विद्यालय नक्साङ्कनको आधारमा नयाँ विद्यालय खोल्ने, कक्षा थप गर्ने, विद्यालय गाभ्ने, विद्यार्थी संख्याको अनुपातमा दरबन्दी मिलान गर्ने कार्यलाई निरन्तरता दिई सामुदायिक तथा संस्थागत विद्यालयहरूको सुपरीवेक्षण, नियमन तथा सहजीकरण गरिनेछ । विद्यालय संचालन मापदण्ड पालनाको अनुगमन गरिनेछ ।

१७. इच्छुक तथा सक्षम विद्यालयहरूमा प्राविधिक व्यवसायिक धार एवं सीपमूलक प्रशिक्षणमा आधारित कक्षा सञ्चालन तथा एक विद्यालय एक उद्यम सञ्चालनको नमुना शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

१८. विद्यालयका छात्रछात्रालाई दिवा खाजा, छात्राहरूलाई सेनेटरी प्याड, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामग्रीको प्रयोग जस्ता शैक्षिक समता विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

१९. 'चन्द्रागिरि नगरको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा' भन्ने नारालाई सार्थक बनाउन नगरका छोरी बुहारीलाई उच्च शिक्षाको लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

२०. विद्यालय तथा सिकाई केन्द्रहरूमा कोभिड लगायत अन्य महामारीजन्य रोगबाट वच्ने उपायहरूको सचेतना अभिवृद्धि गरिनेछ ।

२१. सीप र क्षमताको अभिबृद्धि गर्न र परम्परागत सीपलाई पुनःजागरण गर्न तथा शैक्षिक क्षेत्रको गुणस्तरलाई बृद्धि गर्न नगरभित्र सामुदायिक सिकाई/अध्ययन केन्द्र संचालनमा ल्याइनेछ ।

२२. नगर क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक पुस्तकालय/वाचनालयलाई नगर गौरवको रुपमा सञ्चालनमा ल्याउने नीति लिइनेछ । विद्यालय र समुदायमा रहेका पुस्तकालयलाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

२३. शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई सामाजिकीकरण र समुदायप्रति उत्तरदायित्व बहन गराउन विद्यालय स्वयम्सेवक कार्यक्रम मार्फत स्काउट र रेडक्रस गठन गरी सहभागितामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२४. लागुपदार्थ दुर्व्यसनविरुद्ध चेतनामूलक कार्यक्रम विद्यालयस्तरदेखि नै सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ । विद्यालयमा बालमनोपरामर्श कार्यक्रम लागु गर्न प्रोत्साहन गरिनेछ ।

२५. शिक्षा, युवा, तथा खेलकुदको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने सबै ऐन कानून तथा कार्यविधि तयार गरिनेछ ।

२६. विद्यार्थीको प्रतिभा विकासका लागि नगरस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

२७. सामुदायिक तथा संस्थागत विद्यालयका बालविकास केन्द्र (मन्टेश्वरी) देखि कक्षा ३ सम्मको सबलीकरण गरिनेछ ।

२८. उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी तथा खेलाडीहरुलाई सम्मान गरिनेछ ।

## ग. खानेपानी तथा सरसफाई

१. खानेपानीका स्रोत तथा संरचनालाई समय सापेक्ष सुधार गरिनेछ ।

२. दिगो विकासको लक्ष्य अन्तरगत “एक घर एक धारा” को नीति अबलम्वन गरिनेछ ।

३. आकाशे पानी संकलन, वाटर रिचार्ज र रियूज गर्ने कार्यक्रमलाई अगाडि बढाईनेछ ।

४. खानेपानी उपभोक्ता समिति, खानेपानी व्यवसाय र पानी ट्याङ्कर

व्यवसायलाई खानेपानी व्यवस्थापन ऐन बनाइ सो ऐन अनुसार दर्ता, सञ्चालन, नियमन र कारबाही गरिनेछ, वडाको सिफारिसमा नगरले यी कार्य गर्नेछ, साथै खानेपानी व्यवस्थापन ऐन, नियमावली तथा सञ्चालन सम्बन्धी कार्यविधि अनुसार नगरबासीहरूलाई खानेपानी उपलब्धतामा एकरुपता ल्याईनेछ । खानेपानीको कारोवार गर्ने अन्य संस्थालाई नवीकरण गर्दा अनिवार्य वडाको सिफारिसका आधारमा गरिनेछ ।

५. नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुङ्गेधारा, इनार कुवा, पोखरी तथा मुहानहरूलाई संरक्षण गरिनेछ ।

६. डिप बोरिङबाट वातावरण सन्तुलनमा प्रभाव पर्ने भएकोले निजी तथा व्यवसायिक डिप बोरिङलाई कार्यविधि वनाई व्यवस्थित गरिनेछ ।

७. मेलम्ची खानेपानी आयोजनालाई नगरपालिकाभित्र विस्तार गर्न पहल गरिनेछ ।

८. नगरवासीलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउन खानेपानीसँग सम्वद्ध संस्थाहरुसँग साझेदारी गरी खानेपानी परीक्षण प्रयोगशाला स्थापना गरिनेछ। गुणस्तरीय पानीको वितरण भए नभएको सम्वन्धमा नगरपालिकाबाट अनुगमन गरिनेछ साथै गुणस्तरीयता कायम गर्न आवश्यक खानेपानी सम्वन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

९. हरेक घरमा भूमिगत पानी रिचार्ज जोन निर्माणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

## ३. महिला बालबालिका तथा सामाजिक समावेशीकरण

### (अ) महिला

१. महिला र पुरुषको समान कामको लागि समान ज्यालाको व्यवस्था गरिनेछ ।

२. महिलाहरूको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट गरिनेछ। महिला सामुहिक व्यवसाय दर्ता दस्तुर छुटको व्यवस्था गरिनेछ। साथै महिलाहरूको नाममा घर नक्सा दर्तामा पचास प्रतिशत छुट दिइनेछ ।

३. महिलाहरूको विकासको निम्ति आवश्यकता अनुसारका वृत्ति विकास, सीप विकास, क्षमता विकास लगायत रोजगार सिर्जना गर्ने क्षेत्रहरूमा विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।

४. नगरका प्रत्येक कार्यपद्धतिमा महिला हक अधिकारलाई सुनिश्चित गरिनेछ ।

५. एकल महिलाको सुरक्षा, संरक्षण र रोजगारीमूलक तालिमलाई विशेष जोड दिइनेछ ।

६. लैङ्गिक समानता, सामाजिक समावेशीकरण, महिला सशक्तीकरणको माध्यमबाट महिला माथि हुने घरेलु हिंसा तथा लैंगिक हिंसामा कमी गराई महिलाहरूको सीप विकास, अधिकारमा सचेतनावृद्धि र हरेक तहमा महिलाको नेतृत्व क्षमतामा वृद्धि गरिनेछ । सो कार्यका लागि मनोसामाजिक परामर्श पद्धतिको प्रयोग गरिनेछ ।

७. महिला हिंसा विरुद्धमा सचेतना अभिवृद्धि गरी दलित, अल्पसंख्यक, पछाडि परेका आदिवासी, जनजाति महिलालाई विकासका मूलप्रवाहमा सहभागिता वृद्धि गराइनेछ । लैंगिक हिंसा पीडितहरूको सहायताको लागि कोष स्थापना गरिनेछ । लैंगिक हिंसामा परेका महिलालाई सामाजिकीकरण तथा पुनर्स्थापनामा सहयोग गरी सम्मानपूर्वक जीवनयापनका लागि सुरक्षित घरको व्यवस्था गरिनेछ ।

८. विकासमा युवा सहभागिता नीति अनुरुप मुलप्रवाहबाट वहिष्करणमा परेका किशोरीहरूलाई सीप विकासमा जोड दिन नगरस्तरीय समिति वनाई कार्य गरिनेछ ।

९. सबै वडा कार्यालय र नगर कार्यपालिका कार्यालयमा स्तनपान कक्ष स्थापना गरिनेछ ।

१०. टोल विकास संस्थालाई परिचालन गरी घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

११. लैंगिक उत्तरदायी बजेट परीक्षणका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।

१२. यस नगरपालिकाबाट गठन हुने समिति, उपसमिति, कार्यदल गठन गर्दा पूर्णरुपमा कानूनले निर्दिष्ट गरेको समानुपातिक समावेशिता कायम गरिनेछ ।

**(आ) बालवालिका**

१. बालबालिकाको क्षमता विकासका लागि नगरस्तरीय बालअधिकार समितिसँग समन्वय गरी बाल क्लव, वडा बाल संरक्षण समिति, नगर बाल संरक्षण समिति र नगरस्तरीय बाल संजाल तयार गरिनेछ ।

२. नगरपालिकालाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन सम्बन्धी रणनीतिक योजनाअनुसार साझेदार संस्थाहरूको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बालश्रम निषेध गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

४. बालबालिका सम्बन्धी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बाल सहभागितालाई प्राथमिकता दिइनेछ ।

५. बालबालिकाहरू शान्ति क्षेत्र भन्ने मान्यतालाई आत्मसात गर्दै उनीहरूको बालापनको संरक्षण गर्न बालविकास केन्द्रहरूको स्थापना गर्नुका साथै उनीहरूभित्र रहेको सीप कला र प्रतिभाहरूको विकास गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६. बालबालिकाहरूलाई नैतिक मूल्य मान्यतामा रहन नगरको निर्दिष्ट लक्ष्य हासिल गर्न बालबालिका केन्द्रित कार्यक्रम संचालनमा ल्याइनेछ ।

७. सडकमा रहेका मानव तथा बालबालिकाको उद्धार तथा पुर्नस्थापनामा प्राथमिकता दिइनेछ ।

८. नवजात शिशुसँग पहिलो भेट कार्यक्रम संचालन गरिनेछ ।

९. टोल विकास संस्थालाई परिचालन गरी बालश्रम, बालविवाह, बहुविवाह, दाइजो, बोक्सी, छाउपडी जस्ता प्रथा नियन्त्रणका लागि सामाजिक परिचालनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. हिंसा पीडित, बौद्धिक एवं नेपाल सरकारको मापदण्डमा परेका अपाङ्गता भएका बालबालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरी बौद्धिक अपाङ्गमैत्री व्यवस्थापन गरिनेछ ।

**(इ) अपाङ्गता**

१. नगरपालिकाभित्र सार्वजनिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउन विशेष जोड दिइनेछ ।

२. सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिको पहुँचमा बृद्धि गरिनेछ ।

३. अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई मनोसामाजिक परामर्श तथा सीपमूलक तालिम र रोजगारमूलक कार्यक्रम दिलाईनेछ ।

४. अपाङ्गता भएका व्यक्तिहरूलाई अभिमुखीकरण सहज वातावरण र सीप उपयोगको माध्यमबाट समाजमा सम्मानपूर्वक जीवनयापनको वातावरण सृजना गरिनेछ ।

५. अपाङ्ग, अशक्त, असहाय सीमान्तकृत समुदायको स्तरोन्नति र विकासको लागि उचित व्यवस्था गरिनेछ ।

६. अपाङ्गहरूप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई शिक्षा र रोजगारी मार्फत उनीहरूलाई अन्य नागरिकहरू सरह सक्षम बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. अपांगता भएका व्यक्तिले संचालन गरेको व्यवसाय दर्ता निःशुल्क गरिनेछ ।

८. सबै प्रकारका अपांगता भएका व्यक्तिहरूलाई शिक्षाको पहुँच पुर्‍याउने उद्धेश्यले नगरपालिकास्तरीय सम्पूर्ण सुविधा सम्पन्न अपांगता विद्यालय स्थापना गर्ने नीति लिइनेछ ।

९. नगरपालिकाबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरूमा अपांगता भएका व्यक्तिहरूलाई सहज पहुँच पुर्‍याउने उद्देश्यले सांकेतिक भाषा सिकेको एक जना दोभाषे सहित सहायता कक्षको स्थापना गरी सञ्चालन गरिनेछ ।

१०. अपांगतामैत्री सूचना प्रवाह गर्ने उद्देश्यले विभिन्न प्रकारका अपांगतामैत्री सूचना निर्माण र प्रचार प्रसार गरिनेछ ।

## (ई) जेष्ठनागरिक

१. जेष्ठ नागरिकहरूको मनोबल उच्च राख्न जेष्ठ नागरिक सम्मान तथा अनुभव ग्रहण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. जेष्ठ नागरिकलाई आफ्नो घरमा सुरक्षित रहने वातावरण तयार पार्न चेतना अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

३. जेष्ठ नागरिकहरूको लागि हरेक वडामा दिवासेवा केन्द्रको स्थापना गरिनेछ ।

४. यातायात कम्पनीहरूको सहकार्यमा जेष्ठ नागरिकहरूको लागि अधिकतम विशेष सहुलियत दरमा यातायात सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।

५. जेष्ठ नागरिक विश्रामस्थल निर्माण गरिनेछ ।

६. सबै वडामा जेष्ठ नागरिक र अपाङ्ग मैत्री पार्क निर्माण गरिनेछ ।

७. छोराछोरीको आम्दानीको १० प्रतिशत बाबु आमालाई छुट्याउन पर्ने नीति लिइनेछ ।

८. जेष्ठनागरिकको अधिकार संरक्षण र कल्याणकारी कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

## (उ) सामाजिक समावेशीकरण

१. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरू न्यूनीकरणका लागि नीति निर्माण गरी टोल विकास संस्था, सामाजिक संघ संस्था मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

२. बालबालिका पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र, असक्त स्याहार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

३. लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ ।

४. उत्पीडित र सीमान्तकृत वर्ग समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।

५. जातीय भेदभाव तथा सामाजिक कुरीती, अन्धविश्वास हटाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. दलित तथा विपन्न समुदायलाई प्रत्येक क्षेत्रमा समान तथा अनिवार्य सहभागिता वृद्धि गरिनेछ ।

७. विपन्न घरवारविहीन नगरवासीलाई नगर आवास कार्यक्रम संचालन गरिनेछ ।

८. नगरभित्र रहेको सामाजिक संघसंस्थालाई सूचीकृत गरी विविध कार्यक्रममा परिचालन गराइनेछ ।

९. लागुऔषध दुर्व्यसनीमा परेकाहरूलाई सुधार गर्न सामुदायिकरुपमा सञ्चालन भएका पुनर्स्थापना केन्द्रलाई अनुदान तथा सहयोग गरिनेछ । त्यस्ता केन्द्रमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरिनेछ ।

१०. लैगिक अल्पसंख्यकको लागि अधिकारमुखी सचेतना वृद्धि र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

### (ऊ) संघसंस्था

१. गैरनाफामूलकक संघसंस्था दर्ता प्रक्रियालाई निरन्तरता दिईनेछ र सामाजिक संघसंस्थाको क्षमता अभिवृद्धि, सहकार्य, समन्वयलाई जोड दिईनेछ ।

## ङ. युवा, खेलकूद तथा नवप्रवर्तन

१. चन्द्रागिरि नगरपालिकाभित्र खेलकूद विकासका निम्ति व्यवस्थितरुपमा खेल मैदान तथा संरचनाको विकास गरिनेछ ।

२. चन्द्रागिरि नगरपालिकामा संघसंस्थाहरूको समन्वय र सहकार्य समेतमा वार्षिक रुपमा नगरपालिका स्तरीय खेलकुद महोत्सवको आयोजना गरिनेछ। वडा व्यापी नगरस्तरीय फुटबल र ए डिभिजन फुटबल सञ्चालन गरिनेछ।

३. यस नगरपालिकाभित्र रहेको मदन भण्डारी खेल मैदानलाई अन्तर्राष्ट्रिय खेल मैदानको रुपमा विकास गर्दै नैकाप, मातातीर्थ, बनदेवीलगायत अन्य खेल मैदानलाई राष्ट्रिय स्तरको खेल मैदानको रुपमा विकास गरिनेछ।

४. युवाको सर्वाङ्गीण विकास र परिचालन गर्न नगरस्तरीय युवा परिषद र टोल तथा वडास्तरमा युवा क्लव गठन गरिनेछ।

५. चन्द्रागिरि नगरलाई खेलकूद नगरीका रुपमा विकास गर्न विभिन्न खेलकूद आयोजना गरिनेछ। त्यस्तो आयोजनामा महिला सहभागितामा विशेष ध्यान पुऱ्याईनेछ।

६. विभिन्न खेलकूदका लागि नगरबाट खेलाडी उत्पादन गर्न विशेष प्रकृया चालिनेछ।

७. समाज र राष्ट्रिय महत्वका अभियानमा युवा परिचालन गर्न जोड दिइनेछ।

## च. सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. "सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान सामाजिक सुरक्षाको हाम्रो अभियान" नारा सहित आ.व.२०७९/०८० देखि चन्द्रागिरि नगरपालिकाबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता विद्युतीय प्रणालीबाट वितरण गरिनेछ।

२. चन्द्रागिरि नगरपालिकाका सबै वडा कार्यालयको व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजिटाईजेसन प्रक्रियामा राखिनेछ।

३. सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं भन्ने अभियान सफल बनाउनका लागि सबै वडामा घटना दर्ता शिविर संचालन गरिनेछ।

## ३. पूर्वाधार क्षेत्र

### क. भवन, आवास तथा बस्ती विकास

१. शहरीकरणलाई व्यवस्थित गर्न निर्माण सम्बन्धी मापदण्डलाई पुनरावलोकन गरी लागू गरिनेछ ।

२. खोला, राजकुलोको पहिचान र अभिलेख गरी मापदण्डअनुसार कायम गराइनेछ ।

३. नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम र केवल संचालकहरूसँग समन्वय गरी विद्युत प्रसारण लाईन र अन्य अव्यवस्थित तारहरूलाई व्यवस्थित गर्न लगाईनेछ ।

४. अव्यवस्थित जग्गा खण्डीकरणलाई निषेध गरी व्यवस्थित बस्ती विकास गर्न जग्गा एकीकरण कार्यक्रम (Land Pooling) सञ्चालनको लागि अध्ययन गरिनेछ ।

५. प्रस्तावित सम्पदा बस्तीहरूलाई अर्वान भिलेजको रुपमा संरक्षण गर्ने नीति लिइनेछ ।

६. वातावरणमैत्री ढल व्यवस्थापनको लागि निश्चित सम्पदा बस्तीमा ढल प्रशोधनको नमूना कार्यक्रम लागू गरिनेछ भने नगरको ट्रङ्क सिवर लाइन तथा यसको प्रशोधन गरी बल्खु खोलामा सफा पानी बगाइनेछ । यस प्रयोजनको लागि शहरी विकास मन्त्रालय, एकीकृत बागमती सभ्यता आयोजना तथा छिमेकी नगरपालिकाहरूसँग सहकार्य गरिनेछ । ढलहरू सोझै खोलामा मिसाउँदा हुने प्रदूषण रोक्नका लागि समुदायस्तरमै Constructed Wet-Land निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । सेफ्टी ट्याङ्कीबाट सिधै ढलमा फोहोर मिसाउने घरपरिवारलाई दण्ड जरिवाना गरी सेफ्टी ट्याङ्कीको निष्काशन बन्द गरिनेछ ।

७. नगरपालिका क्षेत्रलाई आन्तरिक जोनिङ गरी प्रतिफलमा आधारित करको मान्यता अनुसार फरक जोनमा फरक फरक नक्सा पास दस्तुर तोकिनेछ ।

८. नगर भित्र भएका चोकहरूको पहिचान र संरक्षण, कलात्मक पहिचान झल्कने गरी निर्माण गरिनेछ ।

९. बस्तीहरूलाई प्राचीन नामले नै चिनिने गरी नाम राखिनु पर्नेछ । वडाको अनुमतिविना जथाभावी नामाकरण गर्न नपाइने नीति अबलम्बन गरिनेछ । साथै नयाँ राखिएका नामहरू तत्काल पुनरावलोकन गरिनेछ ।

१०. नगरस्तरीय नयाँ नापी तथा हालसाविक कार्यको सुरुवात गर्न पहलकदमी लिइनेछ ।

११. नगरपालिकाभित्रका हरेक टोल, बस्ती, सार्वजनिक स्थान र सडकहरूमा उज्यालो चन्द्रागिरि कार्यक्रम अन्तर्गत सडक बत्ती तत्काल व्यवस्थापन गरिनेछ ।

१२. पार्क, अस्पताल, भ्यू टावर जस्ता निर्माणाधिन मझौला संरचनाहरूलाई सम्पन्न हुने गरी बजेट व्यवस्था गरिनेछ । आगामी २ वर्ष भित्र चन्द्रागिरि नगरपालिकाका हरेक टोल बस्तीलाई खानेपानी, सडक र सरसफाई सहितका आधुनिक, भौतिक पूर्वाधारयुक्त बस्नयोग्य बस्ती विकास गर्ने नीति लिईनेछ ।

१३. पुरातात्विक स्वागतद्वारको पुनःनिर्माण वाहेक अन्य स्वागतद्वार निर्माणमा नगरपालिकाबाट वजेट विनियोजन गरिने छैन ।यदि कुनै स्थानमा टोलवस्तीबाट आफ्नै लगानीमा निर्माण गर्न चाहेमा सडकको मापदण्ड (ROW) छोडी नगरपालिकाको स्वीकृती लिएर मात्र निर्माण गर्न दिईनेछ ।

१४. चन्द्रागिरि नगरपालिकाबाट निर्माण गरिने सार्वजनिक सामुदायिक खानेपानी ट्यांकी, क्लव विद्यालय आदि भवनहरू निर्माण गर्दा समेत नगरपालिकाको सडक मापदण्ड अनुसार निर्माण गरिनेछ ।

१५. सडक तथा बाटो छेउमा रहेका भवनबाट वर्षायामको पानी तथा ढल व्यवस्थित नगरी सिधै सडक तथा पेटीमा कौशी तथा छतबाट झार्ने र निकास खुल्ला राखी बगाउने प्रवृत्तिलाई दण्डसहित निषेध गरिनेछ । प्रत्येक घरबाट निस्कने पानीलाई जमिनमुनि प्रवेश गराई जमिन रिचार्ज गराउन आवश्यक प्रबन्ध गरिनेछ ।

१६. सार्वजनिक सडकमा गरिने पार्किङ्ग एवम् मुख्य राजमार्ग, सहायक मार्ग लगायतका सडक पेटी किनारा अतिक्रमण गरी सञ्चालनमा रहेका गाडी मर्मत केन्द्र (वर्कसप) तथा अन्य अव्यवस्थित व्यवसायहरूलाई निषेधित गर्दै सार्वजनिक स्थलहरूमा अव्यवस्थित रुपमा निर्माण सामग्री थुपार्ने, सवारी साधन पार्किङ गर्ने, पसल कवल बाहिर सडक पेटीमा सामग्रीहरू राख्ने कार्य पूर्णतः निषेध गरिनेछ । साथै घर छिर्ने ऱ्याम्प आफ्नै साँध सिमानाबाट सुरु गर्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।

१७. पहिले देखि बस्ती बसिसकेका वस्तीहरुमा पचास मिटर भन्दा छोटो डेड इण्ड बाटोलाई ३ मिटर र दुबै तर्फ निकास भएको गोरेटो बाटोलाई ४ मिटर. हुने गरी ROW (Right of way) भित्र पर्खाल लगाउन निषेध गरिनेछ ।

१८. नगरस्तरीय सम्मेलन केन्द्र (सिटी हल) निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ ।

## ख. सडक, पुल तथा यातायात

१. नगरपालिकाको सडक मापदण्ड अनुसार चौडा हुने सडक स्तरोन्नतीको लागि नगरपालिकाबाट बजेट विनियोजन तथा योजना छनौट गर्दा पहिलो प्राथमिकता दिईनेछ ।

२. नगरपालिकाले मापदण्डअनुसार नयाँ बाटो खोल्ने तथा भएका बाटाहरूलाई मापदण्ड अनुसार कायम गर्ने र स्तरोन्नति गर्ने कार्यमा विशेष प्राथमिकताका साथ कार्य गरिनेछ । मर्मतसम्भारको लागि QRT (Quick Response Team)/पूर्वाधार एम्बुलेन्स परिचालन गरिनेछ ।

३. राजमार्गको मुख्य-मुख्य चोकहरूमा ट्राफिक लाइट, जेब्रा क्रसिङ, रोड मार्किङ, आकाशे पुल निर्माणको लागि पहल गरी नगरपालिकाको मापदण्डभित्रका सबै सडकलाई क्रमशः स्तरोन्नति गरिनेछ । साथै सडक दुर्घटना न्यूनीकरण गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

४. सार्वजनिक सडकमा पार्किङ्ग निषेध गरिनेछ तर मुख्य बजार क्षेत्रमा निःशुल्क, सःशुल्क पार्किङको व्यवस्था गरिनेछ । साथै ट्राफिक व्यवस्थापन समेत गरिनेछ ।

५. परम्परागत रुपमा चलन चल्तीमा रहेका साबिक बाटो र ढल निकास यथावत रुपमा कायम गरी त्यस किसिमका बाटो र ढल निकास बन्द गर्न नपाउने नीति अवलम्बन गरिनेछ ।

६. कलंकी नागढुंगा लगायत मुख्य राजमार्ग तथा सहायक मार्गको सौन्दर्यता कायम गर्दै नगरवाट सडक सरसफाई, वोटविरुवा, हरियाली, रंगरोगनका साथै अव्यवस्थित तार, पोलहरूको समेत व्यवस्थापन गरी सडक हेरचाहको लागि सडक सफाई मजदूरको व्यवस्था गरिनेछ ।

७. स्वच्छ सफा वातावरणमैत्री सडक निर्माण तथा सम्भार गर्ने उद्देश्यसहित सडक किनारा हरियाली प्रवर्द्धन कार्यलाई अगाडि बढाइनेछ ।

८. सुरक्षित बालवालिका, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री सडकको लागि मूल राजमार्गमा फुटपाथ आवागमन खुल्ला गरिनेछ । ६ मिटर भन्दा बढी चौडा भित्री सडकहरूमा पनि आवश्यकता अनुसार फुटपाथ निर्माण तथा ट्राफिक सिग्नलको प्रवन्ध गरिनेछ ।

९. एकीकृत बाग्मती सभ्यता आयोजनाको सहयोगमा बल्खु करिडोर सडक निर्माण कार्य दुई चरणमा बाडभञ्ज्याङसम्म गर्न नगरपालिकाद्वारा सहजीकरण गर्दै शहरी बिकास मन्त्रालयमा पहल गरिनेछ ।

१०. राष्ट्रियस्तरका सडकमार्गहरू थानकोट-नागढुंगा-सिस्नेखोला (नेपालको पहिलो सुरुङमार्ग), कलंकी-नागढुंगा त्रिभुवन राजमार्ग, थानकोट-चित्लाङ-हेटौंडा मार्ग, प्रदेश तथा क्षेत्रीयस्तर सडक मार्गहरू, बल्खु खोला करिडोर, सतुंगल-मातातीर्थ-चखेल-हेटौंडा मार्ग, दुरसंचार-मातातीर्थ-चखेल-हेटौंडा मार्ग, सतुंगल जरुचा-मुलखुशी-तीनथाना-कीर्तिपुर मार्ग, त्रिभुवन राजपथ जोड्ने बाडभञ्ज्याङ मनकामना मसिने-सातघुम्ती मार्ग, चिसापानी-भिमढुंगा मार्ग, आयल निगम-दोम्बु-बलम्बु-नयाँ नैकाप-वालकुमारी-तीनथाना (पुरानो

बाटो) मार्ग, स्यूचाटार-कंकाली-मुखिया गाउं-फाकल चौर (स्वीट्जरल्याण्ड पार्क) ईन्द्रदह हुँदै नागढुंगा मार्ग, कलंकी-घ्याम्पेडोल हुँदै नागढुंगा मार्ग, मितेरी मार्ग, चेकपोष्ट-मातातीर्थ मार्ग, चेकपोष्ट वाणस्थली हुँदै त्रिवेणी जाने मार्ग, मातातिर्थ-मच्छेगाउँ-टौदह मार्गमा रहेका सडकमार्ग समयमा नै मर्मत सुधार तथा निर्माण सम्पन्न गर्नका लागि नगरपालिकाबाट आवश्यक सहजीकरण तथा समन्वय गरिनेछ, साथै नगरभित्र रहेका सम्पूर्ण स्थानीय स्तरका सडकहरूको स्थानीयवासीहरुसँग व्यापक छलफल तथा समन्वय गरी विस्तार, मर्मत तथा सुधार गरिनेछ ।

११. नगरपालिका क्षेत्रभित्र विद्युतीय गाडी चार्जिङ स्टेसनको पूर्वाधार तयार गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१२. त्रिभुवन राजपथको कलंकी-नागढुंगा सडक खण्डमा हाल कायम रहेको मापदण्ड पूरा हुन नसकेका स्थानमा काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय काठमाडौंसँग समन्वय गरी २२ मिटर सडक क्षेत्र रेखाङ्कन गरी मापदण्ड कायम गरिनेछ । उक्त स्थानमा वनेका घरहरुको अभिलेखीकरण गर्ने व्यवस्था गरिनेछ ।

१३. त्रिवेणी पुल, बलम्बुबाट सिर्जना चोक जाने पुल लगायत जिर्ण र अधुरा रहेका पुलहरूलाई प्राथमिकताका साथ निर्माण गरिनेछ ।

१४. कलंकी नागढुंगा राजमार्गका व्यस्त चोक मध्ये कुनै दुई स्थानमा आकाशे पुल निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

## ग. जलश्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

१. अव्यवस्थित नांगो विजुलीको तार हटाई क्रमशः ए.वि.सि. केवल तार प्रतिस्थापन गर्ने नीति लिईनेछ ।

## घ. सूचना तथा सञ्चार प्रविधि

१. नगर सुरक्षालाई मध्यनजर गरी मुख्य टोल, बस्ती र सडकहरूमा सीसी क्यामेराको व्यवस्था र साइरन जडानलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

२. नगरपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थल, वजार क्षेत्र, मुख्य चोक लगायत महत्वपूर्ण स्थलहरूमा निःशुल्क वाई-फाईको व्यवस्था गरिनेछ ।

## ४. वन तथा वातावरण क्षेत्र

### क. बन, भूसंरक्षण तथा जैविक विविधता

१. नगरमा भएको सार्वजनिक जग्गाको पहिचान र संरक्षण गरिनेछ । सार्वजनिक जग्गामा भएको अतिक्रमणलाई यसै वर्ष अतिक्रमणमुक्त गर्न पर्याप्त बजेट विनियोजन गरिनेछ ।

२. सार्वजनिक जग्गासँग जोडिएका निजी जग्गाको क्षेत्रफल बढ कायम गर्ने प्रक्रियालाई कडाईका साथ निषेध गरिनेछ । सार्वजनिक जग्गाको क्षेत्रफल कायम गरे पश्चात मात्र निजी जग्गाको क्षेत्रफल संशोधन गर्नुपर्नेछ ।

३. अतिक्रमित भएका खोलानाला पुनःमूल्यांकन गर्न र अतिक्रमित हुन नदिन अभियानात्मक रुपमा कार्यक्रम संचालन गरिनेछ ।

४. सामुदायिक एवं सरकारी वनलाई कृषि वनको रुपमा व्यवस्थापन गरिनेछ ।

### ख. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

१. स्वास्थ्य संस्थाबाट निस्कने सबै किसिमका फोहरको उचित व्यवस्था मिलाईनेछ ।

२. नेपाल सरकारले लिएको शून्य फोहर अवधारणालाई अवलम्बन गरी “स्वस्थ र स्वच्छ नगर” कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नक्सा पास गर्दा सेप्टी ट्याङ्की र सोकपिटलाई अनिवार्य गरिनेछ ।

४. सार्वजनिक स्थल, मुख्य राजमार्ग, मुख्य चोकमा आवश्यकता तथा स्थान उपलब्धताको आधारमा आधुनिक सार्वजनिक शौचालयको निर्माण गर्न आवश्यक प्रबन्ध मिलाइने छ ।

५. नदी, खोला, सार्वजनिक स्थल, बाटो आदिलाई सबै प्रकारका फोहरमैला निषेधित क्षेत्र कायम गर्ने र सार्वजनिक स्थलहरूमा प्रदूषण गर्ने कार्यलाई

निषेधित गर्दै कानूनी दायरामा ल्याइनेछ ।

६. सबै मुख्य सडक र सार्वजनिक स्थलहरुमा सरसफाई र सौन्दर्यीकरणका कार्य संचालन गरिनेछ ।

७. योग्य र विज्ञ व्यक्तिको परामर्शमा, वातावरणमैत्री स्थानीय शासनको प्रारुप बमोजिम यस नगरपालिकामा वातावरणमैत्री नगर निर्माणको लागि नीतिनियम बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

८. खोलानाला, खोल्साखोल्सीमा ढल तथा सेप्टी टयाङ्की लगायत विषादी मिसाउने कार्यलाई कानुनको दायरामा ल्याइनेछ ।

९. अति प्रदुषण फैलाउने उद्योग कलकारखानाहरूलाई निरुत्साहित गरिनेछ । कम कार्बन उत्सर्ग हुने प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

१०. फलाम, सिसा, प्लाष्टिक तथा कागजजन्य नकुहिने फोहर र कुहिने फोहरलाई स्रोतमै वर्गीकरणको व्यवस्था मिलाउन नगरवासीलाई उत्प्रेरित गरिनेछ । अस्पतालजन्य फोहर छुट्टै व्यवस्थापन गर्ने नीति लिईनेछ । शून्य फोहरको नीतिलाई अवलम्वन गर्दै अन्य फोहरजन्य पदार्थ जथाभावी जलाउन र जथाभावी फ्याक्ने कार्यलाई निषेध गरिनेछ । ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक प्रयोगमा रोक लगाईनेछ । कागज तथा कपडाजन्य लगायतका झोलाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

११. फोहरलाई मोहरमा परिणत गर्ने कार्यलाई प्रभावकारी बनाउन घरबाट निस्कने फोहरलाई व्यवस्थित गर्ने र फोहर व्यवस्थापन संकलनमा एकरुपता ल्याईनेछ। फोहरमैला व्यवस्थापनमा नमूना नगरपालिकाको रुपमा विकास गर्न सार्वजनिक जग्गालाई व्यवस्थित गरिनेछ। त्यस्तो जग्गा कम भएको अवस्थामा निजी जग्गालाई लिजमा लिई सरकारी, सहकारी, निजी साझेदारीका साथ कार्यको शुरुआत गरिनेछ, फोहोरमैलाको व्यवस्थापन कार्यलाई समुदायमा आधारित बनाईनेछ ।

१२. नगरभित्र भएका ईट्टाभट्टा तथा टायल उद्योगहरूलाई वातावरणमैत्री टनेल किलिन (Tunnel Kiln) प्रविधिमा आधारित बनाउनेलाई मात्र संचालन

गर्न दिइनेछ र अन्यलाई हटाइनेछ ।

१३. नगरपालिकामा वातावरण कोषलाई व्यवस्थापन गर्न कोष संचालन कार्यविधिको निर्माण गरिनेछ ।

१४. नगरपालिकाको विभिन्न स्थानमा प्रदुषण मापन यन्त्र राख्न छुट्टै बजेट व्यवस्था गरी नगरपालिकामा प्रदुषण न्यूनीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१५. प्रत्येक वडाहरूमा पुरानो पोखरी संरक्षण र नयाँपोखरीको निर्माण (वाटर रिचार्ज सेन्टर) कार्यलाई निरन्तरता दिइनेछ ।

१६. बाढीपहिरो जाने, भूक्षय हुने क्षेत्रको पहिचान गरी रोकथामका विशेष व्यवस्था गरिनेछ ।

१७. भौतिक संरचना वा भौतिक पूर्वाधार निर्माण प्रक्रियालाई वातावरणमैत्री बनाउँदै योजना कार्यक्रम छनौट गरिने वा गर्न प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८. "एक वडा एक उद्यान" निर्माण कार्यलाई निरन्तरता दिइने छ । सार्वजनिक स्थलहरूमा इकोपार्क निर्माण अभियानलाई निरन्तरता दिइनेछ ।

१९. नगरभित्र रहेका सार्वजनिक खोला, इनार, कुवा र ऐतिहासिक पोखरीहरू सरसफाइ गरी स्वच्छ नगरपालिका बनाउन अभियान संचालन गरिनेछ ।

२०. नगरपालिकालाई वातावरणमैत्री बनाउन आगामी आ.व. २०७९/०८० मा कम्तीमा एक वटा वडालाई वातावरणमैत्री वडा घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ ।

## ग. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

१. विपद व्यवस्थापनलाई व्यवस्थित र २४ सै घण्टा सेवा प्रदान गरी सुविधा सम्पन्न स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र Local Emergency Operation Center स्थापना गरी अन्य निकायको पनि संलग्नतामा नगरपालिकाले संचालन गर्नेछ ।

२. नगरपालिकाको प्रत्येक वडामा कम्तीमा चारवटा विपद स्वयंसेवक टोली गठन गरी टोलीको कामको प्रकृति अनुसारको तालिम दिई विपदमा खटिने गरी सक्रिय गराईनेछ ।

३. विपद जोखिम न्यूनीकरण तथा उत्थानशीलता र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

४. नगरपालिका, वडा कार्यालय र नगरपालिका मातहतका सार्वजनिक सेवाका कार्यालयहरू, निजी आवासक्षेत्र, उद्योग, औद्योगिक भवनहरूमा फायर एक्स्टींग्युसर (Fire Extinguisher) अनिवार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. तत्काल विपद् व्यवस्थापनका लागि यथेष्ट बजेट व्यवस्थापन गरी प्रभावकारी र उचित राहत उद्धार, पुनर्स्थापन तथा पुनर्निर्माणको व्यवस्थापन गरिनेछ ।

६. समय समयमा आईपर्ने विपद् तथा महामारीसँग जुध्न नगरस्तरीय विपद् व्यवस्थापन कोषमा यथेष्ट बजेटको व्यवस्था गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास क्षेत्र

### क. नीति, कानून, न्याय तथा सुशासन

१. सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी र विश्वसनीय बनाउँदै सुशासन कायम राख्न नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो सुन्ने र सूचना प्रवाहीकरणलाई प्रभावकारी बनाउँदै सार्वजनिक सूचनाद्वारा जनतामा पारदर्शी गरिनेछ ।

२. सबै प्रकारका सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतीय प्रणाली अवलम्वन गरिनेछ । विद्युतीय नागरिक बडापत्र तथा ई-हाजिरी प्रणालीको विकास गरिनेछ ।

३. सानातिना मुद्दाहरूलाई वडास्तरमै फछ्र्यौट गर्नको लागि न्यायिक समिति मातहत रहने गरी वडास्तरमा स्थापना भएका मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिनेछ ।

४. नगरपालिकामा निर्माण भएका ऐन, कानून, कार्यविधिहरूको सम्बन्धमा स्थानीय जनप्रतिनिधिहरू, कर्मचारीहरू, मेलमिलापकर्तालाई अभिमुखीकरण गरिनेछ ।

## ख. संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

१. नगरपालिकाको सेवा प्रवाहलाई सहज र सरल बनाउन वडा र नगरमा सहायता कक्षको स्थापना गरी संचालनमा ल्याईनेछ ।

२. नगर सूचना केन्द्र तोकी व्यवस्थित गरिनेछ ।

३. CCTV जडान, IT मैत्री कार्य प्रणाली, वडा नगर नेटवर्किङ्ग, नगर मोवाइल एप्स, अनलाईन घरनक्शा पास प्रणाली (E.B.P.S.) र Online Service का साथै नागरिक सूचना प्रणालीमा जोड दिइनेछ ।

४. नगर प्रहरीको व्यवस्था गरिनेछ ।

५. कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डित गरिनेछ ।

६. जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि र नेतृत्व विकास गरिनेछ, अवलोकन भ्रमणको माध्यमबाट अनुभव आदानप्रदान गर्ने नीति लिईनेछ ।

७. चन्द्रागिरि नगरपालिकाको वडा कार्यालय भवन नभएका वडाको कार्यालय भवन बनाउने र जिर्ण भएका वडाको भवन निर्माण गरिनेछ । जग्गा नभएका वडाको लागि जग्गा प्राप्ति ऐन वमोजिम अधिग्रहण गरी खरीद प्रकृया अगाडि बढाइनेछ ।

## ग. राजश्व तथा श्रोत परिचालन

१. प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गर्दै स्वच्छ राजश्व प्रणालीको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवं व्यवसायिक राजश्व प्रशासनको संस्थागत विकास मार्फत राजश्व चुहावटको नियन्त्रण गरिनेछ ।

२. नयाँ राजश्वका क्षेत्रहरूको पहिचान गरी स्थानीय राजश्वका दर र दायरालाई समय सापेक्ष बनाईनेछ ।

३. स्थानीयस्तरका पेशा व्यवसायीहरूलाई राजश्वको दायरामा ल्याउनको लागि उत्प्रेरित गर्ने हेतुले घुम्ती सेवा सञ्चालन गरिनुका साथै करदाता शिक्षा लागु गरिनेछ ।

४. राजश्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्नको लागि नियमित कर तिर्ने करदातालाई सम्मानित गर्ने नीति लिईनेछ ।

५. राजश्व क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई सफ्टवेयर संचालन तथा क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था मिलाईनेछ ।

६. प्रत्येक वडा कार्यालयहरूमा राजश्व श्रोतको विविधीकरण तथा वार्षिक लक्ष्य निर्धारण गरिनेछ ।

७. राजश्व संकलनमा आइपर्ने बाधा अडचनलाई न्यूनीकरण गर्दै राजश्व अभिवृद्धिमा प्रभावकारिता ल्याउन राजश्व चुहावट भएका क्षेत्रहरूमा गस्ती गर्न सम्बन्धित कर्मचारीहरू र नगर प्रहरीलाई परिचालन गरिनुका साथै खटिने कर्मचारीहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

८. राजश्व सङ्कलन एवं असुली सम्बन्धमा सम्पन्न गर्नुपर्ने कार्यहरूको निरीक्षण, अनुगमन, अध्ययन, विश्लेषण गर्नका लागि विज्ञहरुको सहयोगमा ५ वर्षे राजश्व सुधार कार्ययोजना तयार गरिनेछ ।

९. राजश्व सङ्कलन एवं असुली सम्बन्धमा छलफल, अन्तर्क्रिया, गोष्ठी, सेमिनार आदिको आयोजना गरिनेछ ।

१०. चन्द्रागिरि नगरपालिकामा रहेका पेशा व्यवसायीहरूलाई करदाता संङ्केत नं. अनिवार्य गर्ने व्यवस्था मिलाई राजश्व सफ्टवेयर तथा मोवाईल एप्समा समेत लिङ्क गरिनेछ ।

११. वडा कार्यालयहरूबाट सेवाग्राहीहरूलाई करचुक्ता प्रमाणपत्रका आधारमा सेवाप्रवाह गर्नको लागि अनिवार्य गर्ने नीति लिईनेछ ।

१२. चन्द्रागिरि नगरपालिकाका बासिन्दाहरूलाई कर तिर्न उत्प्रेरित गराउने हेतुले चन्द्रागिरि नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने सबै प्रकारका

राष्ट्र-सेवक कर्मचारीहरू तथा जनप्रतिनिधिहरूलाई कर तिर्न अभिप्रेरित गरिनेछ ।

१३. चन्द्रागिरि नगरपालिकाका वडा कार्यालयहरूलाई एक वर्षको लागि राजश्व उठाउने लक्ष्य तोकिनेछ । सो लक्ष्य भन्दा बढी राजश्व उठाएमा बढी उठेको राजश्वबाट कम्तीमा १ प्रतिशत रकम प्रोत्साहन स्वरुप वडा कार्यालयका कर्मचारीहरूलाई उपलब्ध गराउने नीति लिईनेछ ।

## घ. तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन

१. नगरपालिकाको सामाजिक परिसुचांकको आधारमा सामाजिक विकास सम्बन्धी नीति/योजना/ कार्यक्रम तय गर्न GPS/GIS प्रणाली अनुसार तयार भईरहेको नगर प्रोफाइललाई पूर्णता र अद्यावधिक गरिनेछ ।

२. स्मार्ट शहर निर्माणको लागि डिजिटल हाउस नम्बरिङको कार्य शुरु गरिनेछ ।

३. समग्र पूर्वाधार विकासको लागि आर्थिक मूल्यांकनको प्रक्रिया अगाडि बढाउन नगरस्तरीय तथ्यांक संकलनको प्रकृया अगाडि बढाइने छ ।

४. सार्वजनिक निजी साझेदारीका आधारमा सञ्चालन गर्न सकिने योजनाहरूको अभिलेखीकरण गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

५. नगरबासीको चाहना र आवश्यकतालाई केन्द्रबिन्दूमा राख्दै उपभोक्ताको अत्यधिक श्रमदान, योगदान हुनसक्ने योजनालाई प्राथमिकता दिईनेछ । साथै, योजनामा आधा, आधा लगानी सहभागिता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

६. योजना सञ्चालन गर्दा ठेक्काको ३ प्रतिशत र उपभोक्ता समितिको लागि १.५ प्रतिशत कन्टीन्जेन्सी कायम गरिनेछ । जनसहभागितालाई २० (बीस) प्रतिशत कायम गरी लागू गरिनेछ ।

प्रमाणीकरण: २०७९ असार १७ गते

मूल्य रू. १५/-

आज्ञाले

निरज पौडेल

प्रमुख प्रशासकीय अधिकृत